ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
ऐसेलुखर्क, खोटाङ

☎ ०३६-४११९०३
☎ ०३६-४११९०४
E-mail :aiselukharka2073@gmail.com
Website:www.aiselukharkamun.gov.n

१ नं. प्रदेश, नेपाल

प.सं.०७५/०७६
च.नं ५२०

मिति : २०७५।१०।१८

विषय : सूचना !

सम्पूर्ण माध्यमिक विद्यालयहरु
ऐसेलुखर्क गाउँपालिका

प्रस्तुत विषयमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक प्रविधि शाखा, सानोठिमीको प.सं. ०७५/०७६ च.नं. ९० को प्राप्त सूचना अनुसार शै.सत्र २०७६बाट कक्षा ९ देखि विद्यालयमा प्राविधिक तथा व्यवसायिक धार सञ्चालन गर्न इच्छुक सामूदायिक माध्यमिक विद्यालयहरुले मिति २०७५ माघ मसान्तभित्र रीतपूर्वकको आवेदन शिक्षा विकास तथा समन्वय इकाइ दिक्तेलमा बुझाइ सक्ने भन्ने व्यहोरा अवगत भए बमोजिम गर्न हुन प्राप्त सूचनाको छाया प्रति यसै साथ संलग्न राखी जानकारी गराइन्छ ।

(पुनश्च : सम्बन्धित निर्देशिका तथा आवेदन फारम शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेब साइट **www.doe.gov.np** बाट डाउन लोड गर्न वा शिक्षा शाखा ऐसेलुखर्कबाट प्राप्त गर्न सकिने छ । )

२०७५।१०।१८

बुद्धिप्रसाद घिमिरे
संयोजक
शिक्षा शाखा

नेपाल सरकार
**शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय**
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**शैक्षिक प्रविधि शाखा**
सानोठिमी, भक्तपुर

प.सं.:- ०७५/०७६
च.नं.:- ६०

फोन : ६-६३८८५३
फ्याक्स : ६-६३५११३
मितिः२०७५/१०/०१

## सामुदायिक माध्यामिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनको लागी आवेदन सम्बन्धी

### अत्यन्त जरुरी सूचना

प्राविधिक तथा व्यावसायिक धारतर्फको शिक्षालाई विस्तार गर्ने नेपाल सरकारको नीतिवमोजिम विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (प्रथम संशोधन २०७१) अनुसार हालसम्म साविकको शिक्षा विभागबाट अनुमति लिइ सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन भएका एवम् प्राविधिक शिक्षा तथा व्यासायिक तालिम परिषदबाट समेत आंगिक कलेज वा ट्रेड स्कूलको रुपमा अनुमति लिइ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका र साझेदारीमा कार्यक्रम सञ्चालन गरिरहेका स्थानीय तहहरु बाहेकका बाँकी स्थानीय तहहरु मध्ये छनौटमा परेका गाउँपालिका/नगरपालिका भित्रका १/१ वटा सामुदायिक माध्यामिक विद्यालयमा शैक्षिक सत्र २०७६ बाट सो कार्यक्रम सञ्चालन गर्न देशभरका लागि १५० वटा कोटा निर्धारण भएकोले उक्त निर्देशिकामा तोकिएको पूर्वाधार पुगेका सामुदायिक माध्यामिक विद्यालयहरुले २०७५ माघ मासान्त भित्र निर्देशिकाको अनुसुची २ मा तोकिए बमोजिमको ढाँचामा आवश्यक कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहबाट प्राविधिक धार सञ्चालनका लागि लिइएको अनुमति पत्र र सिफारिस सहित सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा आवेदन पेस गर्नुहुन सम्बन्धित सवैको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित निर्देशिका शिक्षा तथा मानवस्रोत विकास केन्द्रको वेब साइट www.doe.gov.np बाट हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

पुनश्चः सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइहरुले आवेदक विद्यालयहरुलाइ निर्देशिका वमोजिमको जिल्ला कार्यान्वयन समितिबाट मूल्याङ्कन गराइ मिति २०७५ फाल्गुन १५ भित्र शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा सिफारिस गरि पठाउने व्यबस्था मिलाउनुहुन यो सुचना जारी गरिएको छ ।

शाखा अधिकृत
ज्ञानेन्द्रप्रसाद भट्ट